नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना व्यवस्थापन इकाई
खुमलटार, ललितपुर

## लागत सहभागिताको आधारमा क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्न प्रस्ताव आव्हानको सूचना

**(सूचना प्रकाशन मिति : २०७६/०२/१४)**

कृषि उपजहरुको उत्पादन उप्रान्तको क्षति न्यूनिकरण, गुणस्तर प्रवर्द्धन, आवश्यक परिमाणमा उपलब्धता सुनिश्चितता गर्न र व्यवसायिक तथा औद्योगिक उत्पादन एवं बजारीकरणमा सहयोग पुर्याउनका लागि काभ्रेपलाञ्चोक जिल्लामा प्रतिस्पर्धाको आधारमा नीजि कम्पनीसंगको साझेदारीमा १ (एक) वटा क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाका लागि "पूर्वाधार निर्माण तथा मेशिनेरी औजार उपकरणमा" अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले देहायका शर्तहरुको अधिनमा रहि कृषि तथा पशुजन्य उत्पादनमा आधारित क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्न चाहने ईच्छुक निजी कम्पनीहरुबाट सूचना प्रकाशन भएको मितिबाट ३१ औं दिनको अपरान्ह १२:०० भित्र क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को अनुसूची ३ बमोजिमका कागजातहरु संलग्न राखि अनुसूची २ बमोजिम सम्पूर्ण कागजातहरुमा सहीछाप गरी सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना आव्हान गरिएको छ। यस परियोजनाको website http://pmamp.gov.np बाट अनुसूची २ र ३ Download गर्न तथा यस सम्बन्धी थप जानकारी लिन सकिनेछ।

**शर्तहरु:**

१. क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाको अवधि, क्षमता र प्रकृति अनुसार बढीमा दुई बर्षको हुनेछ।
२. निजी कम्पनी यो सूचना प्रकाशन भएको मिति अगावै क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ।
३. कृषि उपजको लागि क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाको लागि तोकिए बमोजिमको उपयुक्त जग्गा कम्पनीको आफ्नो नाममा वा प्रोपाइटर वा संचालक सदस्यको नाममा दर्ता भएको हुनुपर्नेछ। करारनामाको जग्गा मान्य हुने छैन।
४. क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्न प्रस्तावित जग्गामा सडक, विद्युत र थ्री फेज लाईन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन तथा शुलभ पहुँच भएको हुनुपर्ने छ।
५. क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्ने कम्पनीले कम्तिमा ३०% लगानी गर्नु पर्नेछ र यसका लागि कम्पनीले व्यहोर्ने लगानी सम्बन्धमा सम्बन्धित बैंकबाट यस सूचनाको मिति पछि यस परियोजना व्यवस्थापन इकाईलाई सम्बोधन गरी जारी भएको आशय पत्र पेश गर्नु पर्नेछ। कम्पनीले गर्ने लगानीको हिस्सामा कम्पनीको जग्गा र अन्य चालु खर्च समावेश हुने छैन।
६. निर्माण गरिने क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग बहुतले संरचना भएमा माटो जाँचको आधारमा Foundation design गरी पेश गर्नुपर्नेछ।
७. कम्पनीलाई अनुदान दिन छनौट गर्दा प्रतिस्पर्धाको आधारमा मूल्यांकन गरिनेछ। मूल्यांकनमा ईन्जिनियरीङ्ग डिजाईन, ईस्टिमेट तथा व्यवसायिक योजना प्रस्तावमा कार्यविधिले तोकेको न्यूनतम उत्तिर्ण अंक सहित कम्तीमा ७०% अंक प्राप्त गर्नुपर्नेछ। प्रस्तावको मूल्यांकन गर्दा नेपाल सरकारको अनुदान रकम कम माग गरी कम्पनीले आफ्नो तर्फबाट अधिकतम लगानी गर्ने आशय पेश भएको प्रस्तावलाई प्राथमिकता दिईने छ।
८. अन्य शर्त क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिम हुनेछ। यस कार्यविधिमा स्पष्ट नभएका कुराहरु प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।
९. परियोजनाको कूल अनुमानित लागत नेपाली रुपैया अठार करोड पचास लाखमा नबढ्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ। यो लागतमा जग्गाको मूल्य समावेश गरिएको छैन।
१०. सूचना प्रकाशन भएको २१ औं दिन (२०७६/०३/०२ गते दिनको १:०० बजे) पेश गरिने प्रस्ताव सम्बन्धमा छलफल हुनेछ।
११. प्रस्ताव पेश गर्ने र खोल्ने मितिमा सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको मितिमा तोकिएको समय भित्र दर्ता गर्न सकिने छ। उल्लेखित मिति र समय पछि आएका प्रस्ताव उपर कुनै कारबाही नहुने समेत जानकारी गराईन्छ।

**नोट:** मिति २०७५/१२/०३ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यसै विषय संग सम्बन्धित खरिद प्रकृया रद्ध गरिएकोले माथि उल्लेखित शर्तहरुको अधिनमा रही प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

प्रस्ताव दर्ता गर्ने अन्तिम मिति: २०७६/०३/१२ गते दिनको १२:०० बजे भित्र
प्रस्ताव खोल्ने मिति: २०७६/०३/१२ गते दिनको २:०० बजे